# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बिर्घा, स्याङ्जा
स्थापना २०७३

पत्र संख्याः २०८०/८१
चलानी नं. १३४

गण्डकी प्रदेश, नेपाल
मितिः २०८०।०५।२१

**विषयः- निजामती सेवा दिवस, २०८० का सम्बन्धमा स्थानीय सेवाका कर्मचारीहरुको ध्यानाकर्षण सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

नागरिकको आँखाले देख्ने, हातले छुने, मनले बुझ्ने र दैनिकरुपमा व्यवहारले मुल्यांकन गर्ने स्थायी सरकारको रुपमा रहेको कर्मचारी प्रशासनको सम्वन्धमा कानुनी व्यवस्थाका लागि वि.सं. २०१३ सालमा निजामती सेवा ऐन जारी भएको ऐतिहासिक दिनको अवसरमा सो ऐन जारी भएको करिब आधा शताब्दीपश्चात निजामती सेवा दिवसलाई सभ्य र भव्यरुपमा मनाउन थालिएको व्यहोरा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी तथा आमनागरिकलाई अवगत नै छ ।

निजामती सेवा ऐन, २०४९ ले गरेको कानुनी व्यवस्था तथा लोक सेवा आयोगको योग्यता परिक्षण मूल्यांकनमा उत्कृष्टता प्रस्तुत गरी सरकारी सेवामा बहाल भै राजनैतिकरुपमा तटस्थता र सेवाप्रतिको प्रतिबद्धताका साथ कर्ममा खटिएका कर्मचारीहरु विभिन्न संक्रमणकालीन अवस्थामा आफ्नो परिचय र पहिचानका लागि समेत भिन्न प्रकृतिले भिन्न भिन्न रुप र स्वरुपबाट गुज्रनुपरेको छ । नेपालको संविधान (२०७२) को धारा २८५ ले सरकारी सेवाको गठनका सम्बन्धमा नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा गठन गर्न सक्ने तथा प्रदेश मन्त्रिपरिषद्, गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानुन बमोजिम विभिन्न सरकारी सेवाहरुको गठन र सञ्चालन गर्न सक्ने तथा ऐ. को धारा ३०२ ले संविधान प्रारम्भ हुँदाका वखत सरकारी सेवामा रहेका राष्ट्रसेवक कर्मचारीहरुलाई संघ, प्रदेश तथा स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्ने संवैधानिक व्यवस्था रहेको, कर्मचारी समायोजना ऐन, २०७५ ले गरेको कानुनी व्यवस्था बमोजिम कर्मचारी समायोजनको कार्य सम्पन्न भै संघ, प्रदेश र स्थानीय तहमा समायोजित कर्मचारी तथा तत्पश्चातका लोक सेवा आयोगका विज्ञापनबाट छनौट तथा नियुक्त भएका कर्मचारीबाट सेवा प्रवाह हुँदै आएको छ ।

हाल संघीय निजामती सेवा ऐनको मस्यौदा तयार भै व्यवस्थापिका संसदमा छलफलमा जाने/गएको अवस्थामा उक्त ऐनको मस्यौदामा संघीय निजामती कर्मचारी तथा प्रदेश निजामती कर्मचारी भन्ने शब्द राखेको तर स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई निजामती कर्मचारीको रुपमा पहिचान स्थापित नगरेको कारण स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई प्रस्तावित संघीय निजामती ऐनले विभेद गरेको र उक्त विभेद कर्मचारीको सेवा-सुविधा, वृत्ति विकास, सरुवा लगायतका प्रावधानहरुमा समेत रहेको हुँदा स्थानीय कर्मचारीहरुको सेवासुविधासम्बन्धि व्यवस्था नभएसम्म निजामती सेवा दिवस नमनाउने निर्णय भै सबै स्थानीय तहमा कार्यरत कर्मचारीहरुले सम्बन्धित स्थानीय तहमार्फत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा जानकारी गराउने कार्यका लागि ज्ञापनपत्र बुझाएको हुँदा सो ज्ञापनपत्र यसैसाथ संलग्न गरी आवश्यक कार्यबाहीका लागि तहाँ पठाइएको छ । साथै, निजामती सेवा दिवस-२०८० को सन्दर्भमा स्थानीय कर्मचारीहरुले सो दिवसका लागि अपनत्व र ममत्व स्वीकार गर्न नसकेको अवस्थामा स्थानीय तहमा अग्रपंक्तिमा रही सार्वजनिक सेवा प्रवाह गर्ने कर्मचारीहरुको भावनाअनुरुप कार्य गर्नुपर्ने अवस्था रहेको व्यहोरा सादर अवगत गराउँछु ।

०८०।५।२१
देवेन्द्र पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

Email: kaligandakiruralmunicipality@gmail.com, Website: www.kaligandakimunsyangja.gov.np

## कालीगण्डकी गाउँपालिका, स्याङ्जामा कार्यरत कर्मचारीहरुको

## संयुक्त विज्ञप्ति

**मिति:- २०८०/०५/१९**

संघीय लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न शासन प्रणालीको प्रशासनिक संरचनामा संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवा भन्ने विभेदकारी नीति निर्माण गर्ने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०८०।५।०४ गते निजामती सेवा दिवश (भाद्र २२ गते) मनाउने भनि यस नगरपालिकालाई पत्राचार गरेको हुँदा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा, वृद्धि विकास, सरुवा, सुनिश्चित नभएको र प्रस्तावित निजामती सेवा ऐनको मस्यौदामा स्थानीय तहका कर्मचारीहरुलाई निजामती परिभाषामा नसमेटिएको अवस्थामा कर्मचारीहरु बीच विभेद भएकोले निजामती सेवा दिवश मनाउन उपयुक्त नठानी भाद्र २२ गते विरोध स्वरुप कालोपट्टी बाँधी विरोध जनाउने र स्थानीय कर्मचारीहरुको सेवासुविधा सम्बन्धी व्यवस्था नभएसम्म निजामती सेवा दिवस नमनाउने निर्णयका साथै सम्बन्धित निकायको ध्यनाकर्षण सहित प्रस्तावित संघीय निजामती सेवा ऐनको मस्यौदामा तपसिल बमोजिमका व्यवस्था समावेश गर्नका लागि जोडदार माग गर्दछौं।

तपसिल :

१. संघीय निजामती सेवा ऐन नभई एकीकृत निजामती सेवा ऐन ल्याउनु पर्ने,

२. स्थानीय तहका कर्मचारीलाई निजामतीको परिभाषामा समेटि स्थानीय निजामती सेवाका कर्मचारी भनी उल्लेख गरिनुपर्ने,

३. कर्मचारी समायोजनले मर्कामा परेका कर्मचारीलाई समायोजन पुनरावलोकनको व्यवस्था सहित समायोजित कर्मचारीको अन्तरतह सरुवाको व्यवस्था हुनुपर्ने,

४. ५ वर्ष सेवा अवधि भएका कर्मचारीलाई एक तह र १० वर्ष भन्दा बढी सेवा अवधि भएका कर्मचारीलाई दुई तह वृद्धिको व्यवस्था संघीय निजामती सेवा ऐनमा हुनुपर्ने,

५. संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवाको छैटौं तहको पदपूर्तिमा ५० प्रतिशत खुल्ला, ४० प्रतिशत बढुवा, १० प्रतिशत आन्तरिक / अन्तरतह प्रतिस्पर्धाको व्यवस्था, चौथो तहको पदपूर्तिमा ७० प्रतिशत खुल्ला, २० प्रतिशत बढुवा, १० प्रतिशत आन्तरिक प्रतिस्पर्धाको व्यवस्था सहित अन्य पदको पदपूर्तिमा निजामती सेवा ऐन २०४९ को व्यवस्था कायम हुनुपर्ने,

६. निजामती अस्पतालमा सबै सरकारी कर्मचारीलाई समेटनु पर्ने,

७. प्रमुख प्रशासकीय अधिकृत स्थानीय सेवाको हुनुपर्ने,

८. सेवा समूहको आधारमा सरकारी सेवाको प्रवेशद्वार स्थानीय सेवामा मात्र हुनुपर्ने,

९. सरुवा प्रणालीलाई सहमतिका आधारमा नभई अनुमानयोग्य चक्रीय प्रणालीको आधारमा हुनुपर्ने,

१०. अन्तर प्रदेश सरुवाको व्यवस्था संघीय निजामती सेवा ऐनमा खुलाउनु पर्ने,

११. संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा र वृति विकास सम्बन्धमा विभेद नभई समान हुनुपर्ने,

१२. स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको पूर्ण सुरक्षाको प्रत्याभूति हुनुपर्ने,

१३. सरकारी सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासनका माध्यमबाट शान्ति, विकास र समृद्धि हासिल गर्न सक्षम निजामती प्रशासन निर्माणका लागि आवश्यक व्यवस्था हनुपर्ने